(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ सङ्ख्याः८ राजपत्रमा प्रकाशित मितिः२०८०/१०/२२

## भाग १

## विराटनगर महानगरपालिका

विराटनगर महानगरपालिकाको १३ औं नगरसभाबाट जारी भएको

# विराटनगर महानगरपालिका शिक्षा ऐन (दोश्रो संसोधन), २०८०

# विराटनगर महानगरपालिका शिक्षा ऐन (दोस्रो संसोधन) २०८०

*प्रमाणीकरण मिति : २०८०/१०/२१*

**प्रस्तावना :** विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ लाई संसोधन गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न नगर सभाले यो ऐन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस ऐनको नाम **विराटनगर महानगरपालिका शिक्षा ऐन (दोस्रो संसोधन)** २०८० रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

**२. मूल ऐनको दफा ६ क थप :** मूल ऐनको दफा ६ पछि देहाय बमोजिम दफा ६ क थपिएको छ :-

६क. विद्यालयले पालना गर्नुपर्ने : विद्यालयले संघ, कोशी प्रदेश, महानगरपालिकाले जारी गरेका ऐन, नियम, निर्देशिका तथा मापदण्डको पालना गरी विद्यालय सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ ।

**३. मूल ऐनको दफा १९ क थप :** मूल ऐनको दफा १९ पछि देहाय बमोजिम दफा १९ क थपिएको छ :-

१९ क . निरीक्षण र अनुगमन गर्ने : महानगरपालिकाले नगर क्षेत्र भित्र सञ्चालित विद्यालयले प्रचलित कानून बमोजिम विद्यालय सञ्चालन गरे नगरेको सम्बन्धमा अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**४. मूल ऐनको दफा २६ मा संसोधन :** मूल ऐन दफा २६ को उपदफा ७, ८ र ९ झिकिएका छन् ।

**५. मूल ऐनको दफा २६ क २६ ख र २६ ग थप :** मूल ऐनको दफा २६ पछि देहाय बमोजिम दफा २६ क २६ ख र २६ ग थप थपिएको छ :-

२६ क.संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क सीमा नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ । नगर शिक्षा समितिले निश्चित मापदण्डका आधारमा शुल्क निर्धारण गर्नु पर्नेछ ।

२६ख. कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्नेछ ।

२६ग. संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क सिफारिस समिति : १.संस्थागत विद्यालय वर्गीकरण सिफारिस गर्न तथा संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्बन्धमा नगर शिक्षा समितिलाई राय सुझाव प्रदान गर्न तथा संस्थागत विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क सिफारिस समिति रहनेछ :

(क) शैक्षिक प्रशासन महाशाखा प्रमुख : संयोजक

(ख) निजी तथा आवासीय विद्यालय संगठनको प्रतीनीधि एक जना : सदस्य

(ग) राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठनको प्रतिनीधि एक जना : सदस्य

(घ) उच्च संस्था तथा माध्यमिक विद्यालय संघ (हिसान) को प्रतिनीधि एक जना : सदस्य

(ङ) नगर प्रमुखबाट मनोनित शिक्षाविद् एक जना : सदस्य

(च) नगर स्तरीय अभिभावक संघको अध्यक्ष वा त्यस्तो नगरस्तरीय अभिभावक संघ नभएमा जिल्ला स्तरीय अभिभावक संघ वा अभिभावकहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना : सदस्य

(छ) शैक्षिक प्रशासन महाशाखाको विद्यालय प्रशासन महाशाखाको अधिकृत : सदस्य सचिव

(२) उपनियम १ बमोजिमको समितिले शैक्षिक सत्र सुरु हुनु दुइ महिना अगावै शुल्क सिफारिस गरी नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

**६. मूल ऐनको दफा ३१ को उपदफा २ थप :** मूल ऐनको दफा ३१ को उपदफा १ पछि देहाय बमोजिम उपदफा २ थपिएको छ :-

(२) उपनियम १ मा जुनसुकै कुरा उल्लेख गरे तापनि कुनै कारणबाट निलम्बनमा परेको शिक्षाकले आफू माथि लागेको अभियोग प्रमाणित नभइ सफाइ पाइ पदस्थापन भएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाइ बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पुरै तलब पाउनेछ ।

**७. मूल ऐनको दफा ३६ मा संसोधन :** मूल ऐन दफा ३६ झिकिएको छ ।

**८. मूल ऐनको दफा ४५ मा संसोधन :** मूल ऐनको दफा ४५ मा प्रयुक्त संस्थागत शब्द झिकिएको छ ।

**९. मूल ऐनको दफा ४५ क थप :** मूल ऐनको दफा ४५ पछि देहाय बमोजिम दफा ४५ क को उपदफा १ र २ थपिएको छ :-

४५क . स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्था : (१) विद्यालयले प्रचलित कानून बमोजिम विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

(२) उपनियम १ बमोजिम स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धित विद्यार्थीले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सक्नेछ र त्यसरी उजुरी पर्न आएमा प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उचित ठहर्याएमा प्रधानाध्यापकलाई यथासिघ्र स्थानान्तरण दिने आदेश दिन सक्नेछ ।

**१०. मूल ऐनको दफा ४६ क थप :** मूल ऐनको दफा ४६ पछि देहाय बमोजिम दफा ४६ क थपिएको छ :-

४६क. यस ऐनमा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा नगर शिक्षा समितिले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने

(ख) सामुदायिक विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने

(ग) विद्यालयलाई प्रदान गरिएको अनुमती वा स्वीकृति रद्ध गर्ने

(घ) कसुरको मात्रा हेरी एक हजार देखि एक लाख सम्म जरिवाना गर्ने तर त्यसरी सजाय गर्नु भन्दा अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**११. मूल ऐनको दफा ४९ क थप** : मूल ऐनको दफा ४९ पछि देहाय बमोजिम दफा ४९ क थपिएको छ :-

४९ क . रिक्त दरबन्दी विवरण उपलब्ध गराउनुपर्ने : प्रत्येक सामुदायिक विद्यालयले विद्यालयमा रहेको स्वीकृत रिक्त दरबन्दीको विवरण रिक्त भएको पन्ध्र दिन भित्र शैक्षिक प्रशासन महाशाखामा उपलब्ध गराउनुपर्नेछ ।